"सहजता, शुद्धता र पारदर्शिता नेपाल आयल निगम लिमिटेडको प्रतिबद्धता"

नेपाल आयल निगम लिमिटेड

केन्द्रीय कार्यालय, टर्कु ।

प्रेस विज्ञप्ति

मितिः २०७९।०५।१६

१. रसिया - युक्रेन युद्धबाट सिर्जना भएको विश्व उर्जा संकटका माझ अन्तर्राष्ट्रिय बजारमा प्रशोधित पेट्रोलियम पदार्थ केही समय घट्दो क्रममा रहेको भएतापनि पछिल्लो १५ दिनमा सो पुनः बढेर गईरहेको सन्दर्भमा ईण्डियन आयल कर्पोरेशन लिमिटेडबाट १ सेप्टेम्बर, २०२२ (भाद्र १६, २०७९) मा प्राप्त खरिद मूल्य अनुसार पेट्रोलमा प्रति लिटर रु. १।३९, डिजेलमा रु. ६।१२, हवाई इन्धनमा रु. ८।०१ ले बढेर आएको तथा मट्टितेल र एल.पी. ग्यासमा केही घटेर आएको भएतापनि एल. पि. ग्यासमा अझै प्रति सिलिण्डर रु. ३७८।०७ घाटा, प्रति लिटर डिजेलमा रु. ११।१८ घाटा र पेट्रोलमा रु. २।८२ नाफा भई समग्रमा निगमलाई अझै पनि आगामी १५ दिनमा करिब रु. ४८।२४ करोड (मासिक ९६ करोड ४८ लाख) घाटा हुने स्थिति देखिएकोले निगम संचालक समितिको आज मिति २०७९/०५/१६ को निर्णयानुसार आज राति १२:०० बजेदेखि लागू हुने गरी डिजेल/मट्टितेलमा मात्र प्रति लिटर रु.६/- ले वृद्धि गरिएको छ भने पेट्रोल, हवाई इन्धन तथा एल.पी.ग्यासको खुद्रा बिक्री मूल्य भने हाललाई यथावत नै कायम राखिएको छ :-

क्र.सं.	पेट्रोलियम पदार्थ	हालको बिक्री मूल्य (रु. प्रति लिटर/सिलिण्डर)	मिति २०७९/०५/१६ को राति १२:०० बजेदेखि लागू हुने गरी कायम गरेको नयाँ खुद्रा बिक्री मूल्य (रु. प्रति लिटर/सिलिण्डर)
१.	पेट्रोल	१८१।००	१८१।००
२.	डिजेल	१७२।००	१७८।००
३.	मट्टितेल	१७२।००	१७८।००
४.	हवाई इन्धन (आन्तरिक)	१९०।००	१९०।००
५.	हवाई इन्धन (बाह्य)	$१।६४५	$१।६४५
६.	एल. पी. ग्यास (प्रति सिलिण्डर)	१,८००।००	१,८००।००

यस मूल्य समायोजन पश्चात् पनि निगमलाई १५ दिनमा करिब रु. ३० करोड ५२ लाख नोक्सानी हुने देखिएको छ।

२. पेट्रोलियम पदार्थ खरिद बापतको रकम समयमा नै भुक्तानी गर्न नसक्दा बक्यौता रकम बढ्दै गएपछि नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७९।०३।३१ को निर्णय अनुसार निगमलाई नेपाल सरकारबाट रु.७ अर्ब र राष्ट्रिय वाणिज्य बैंकबाट रु.३ अर्ब ऋण उपलब्ध गराईएको थियो । लामो समयदेखि पेट्रोलियम पदार्थमा भइरहेको अधिक नोक्सानीका कारण निगमलाई दैनिक बिक्रीबाट संकलन हुने रकम ईण्डियन आयल कर्पोरेशन लिमिटेडलाई भुक्तानी गर्दा पनि अगष्ट २०२२ मा करिब रु. २१ अर्ब बक्यौता रहन पुगेको छ । ईण्डियन आयल कर्पोरेशन लिमिटेडको बक्यौता रकम क्रमशः भुक्तानी गर्दै पेट्रोलियम पदार्थको आपूर्ति व्यवस्था सहज गर्नुपर्ने विषय निगमको लागि चुनौति भएको छ ।

३. विदेशी मुद्रा खर्च गरी महंगो मूल्यमा आयात गर्नुपर्ने पेट्रोलियम पदार्थहरूको खपत सकेसम्म कम गरी वैकल्पिक स्वदेशी ऊर्जाको प्रयोग बढाउनुपर्ने राष्ट्रिय आवश्यकतालाई आम उपभोक्ताहरूले मनन गर्दै निगमको बाध्यतालाई बुझिदिनु हुनेछ भन्ने विश्वास निगमले लिएको छ।

धन्यवाद् ।

२०७९।५।१६

Scanned with CamScanner